
# मनसुन आपतकालीन कार्ययोजना, २०७९

## जिल्ला विपद् व्यवस्थापन समिति,
## जिल्ला प्रशासन कार्यालय
## बागलुङ
## २०७९।०३।०२

# बागलुङ जिल्लाको नक्सा




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५,०००/१:५००००) नापी विभाग
गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830

आज मिति २०७९ साल असार २ गते का दिन जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री रमेश ढकालज्यूको अध्यक्षतामा बसेको जिल्ला विपद् व्यवस्थापन समितिको वैठकको उपस्थिति र निर्णय देहाय बमोजिम रह्यो ।

| क्र.सं. | नाम | पद | निकाय | दस्तखत |
|---|---|---|---|---|
| अध्यक्षताः | | | | |
| १ | श्री रमेश ढकाल | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय | |
| उपस्थितिः | | | | |
| १ | हिरा बहादुर के.सी. | अध्यक्ष | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | |
| २ | | | नेपाली कांग्रेस | |
| ३ | राजीव घिमिरे 9857022815 | अध्यक्ष/(संयोजक) | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | |
| ४ | | | नेकपा (एकीकृत समाजवादी) | |
| ५ | | | जनता समाजवादी पार्टी | |
| ६ | भीमलाल पोखरेल | सचिव | राष्ट्रिय जनमोर्चा | |
| ७ | | | राष्ट्रिय प्रजातन्त्र पार्टी | |
| ८ | | | नेकपा माले | |
| ९ | श्री बसन्त कुमार श्रेष्ठ | नगर प्रमुख | बागलुङ नगरपालिका | |
| १० | श्री भरत शर्मा | नगर प्रमुख | गल्कोट नगरपालिका | |
| ११ | श्री नर बहादुर पुन | नगर प्रमुख | जैमिनी नगरपालिका | |
| १२ | श्री देव कुमार नेपाली | नगर प्रमुख | ढोरपाटन नगरपालिका | |
| १३ | श्री धन बहादुर वि.क. | अध्यक्ष | ताराखोला गाउँपालिका | |
| १४ | श्री राजु थापा | अध्यक्ष | काठेखोला गाउँपालिका | |
| १५ | श्री कृष्ण प्रसाद शर्मा | अध्यक्ष | बरेङ गाउँपालिका | |
| १६ | श्री गण्डकी थापा अधिकारी | अध्यक्ष | बडिगाड गाउँपालिका | |
| १७ | श्री सूर्य बहादुर घर्ती | अध्यक्ष | निसीखोला गाउँपालिका | |
| १८ | श्री जोकलाल बुढा | अध्यक्ष | तमानखोला गाउँपालिका | |
| १९ | श्री गणेश प्रसाद पौडेल | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, बागलुङ | |
| २० | श्री कृष्णराज गौतम | जि.स.अ. | जिल्ला समन्वय समितिको कार्यालय | |
| २१ | श्री देवभक्त माडी श्रेष्ठ | प्रमुख सेनानी | श्रीमेहर गण घोडाबाँधे व्यारेक, बागलुङ | |
| २२ | श्री दयानिधि ज्ञवाली | प्र.उ. | जिल्ला प्रहरी कार्यालय, बागलुङ | |
| २३ | श्री रमेश कुमार गुरुङ | स.प्र.ना.उ. | सशस्त्र प्रहरी बल नेपाल, आश्रित गुल्म, बागलुङ | |
| २४ | श्री विनय कुमार चतुर्वेदी | प्रमुख अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, बागलुङ | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

| | | | | |
|---|---|---|---|---|
| २५ | श्री सुनिता श्रेष्ठ | का.प्रमुख | सघन सहरी तथा भवन निर्माण आयोजना | |
| २६ | श्री सुजित पौडेल | नि.का.प्र. | प्रधानमन्त्री कृषि आ.प.का.इकाई | |
| २७ | डा.शैलेन्द्र बि पोखरेल | मे.सु. | धौलागिरी अस्पताल | |
| २८ | श्री सुरज गुरौं | का.प्र. | स्वास्थ्य कार्यालय | |
| २९ | श्री बलिराज मल्ल | डि.प्रमुख | सडक डिभिजन | |
| ३० | श्री कुश्मराज उपाध्याय | इकाई प्रमुख | शिक्षा विकास तथा समंन्वय इकाई | |
| ३१ | श्री तुलसी बस्नेत | डि.प्रमुख | खानेपानी तथा सरसफाई डिभिजन का. | |
| ३२ | श्री कुमार बहादुर खड्का | डि.प्रमुख | जलस्रोत तथा सिञ्चाई विकास डि.का. | |
| ३३ | ~~श्री बसन्तदत्त भण्डारी~~ सुरेश कुसाल | ~~आ.प्रमुख~~ [illegible] | पुष्पलाल (मध्यपहाडी) राजमार्ग | |
| ३४ | श्री पोरसिङ थापा मगर | का.प्र. | यातायात व्यवस्था कार्यालय | |
| ३५ | श्री ऋषिराम सापकोटा | का.प्र. | भेटेरिनरी अस्पताल तथा पशु सेवा वि.के. | |
| ३६ | | प्र.नि. | गण्डकी प्रदेश विपद् व्यवस्थापन गुल्म | |
| ३७ | श्री गुमादेवी शर्मा | का.प्र. | घरेलु तथा साना उद्योग विकास कार्यालय | |
| ३८ | ~~श्री मुकुन्द प्रसाद अधिकारी~~ मदन वैद्य | नि. डि.व.अ. | डिभिजन वन कार्यालय | |
| ३९ | श्री गणेश सुवेदी | का.प्र. | पूर्वाधार विकास कार्यालय | |
| ४० | श्री डम्बर बहादुर जि.सी. | का.प्र. | सामाजिक विकास कार्यालय | |
| ४१ | श्री ~~दिलिप मरासिनी~~ इ. प्रकाश काफ्ले | नि. का.प्र. | नेपाल विद्युत प्राधिकरण बागलुङ | |
| ४२ | श्री केशव शर्मा | का.प्र. | नेपाल टेलिकम | |
| ४३ | श्री ~~युवराज राजभण्डारी~~ धानेश्वर सुवेदी | अध्यक्ष | बागलुङ उद्योग बाणिज्य संघ | |
| ४४ | श्री मुक्तिराम सापकोटा | अध्यक्ष | गैरसरकारी संस्था महासंघ | |
| ४५ | श्री तेज बहादुर कुँवर (सन्तोष) | सचिव | चेम्बर अफ कमर्स | |
| ४६ | श्री जब्बर ब. लामिछाने | सभापति | नेपाल रेडक्रस सोसाइटी जि.शाखा बागलुङ | |
| ४७ | | | नेपाल पत्रकार महासंघ, बागलुङ | |
| ४८ | श्री सूर्यलाल विश्वकर्मा | प्र.अ. | जिल्ला प्रशासन कार्यालय, बागलुङ | |
| ४९ | शैलेन्द्र कुमार [illegible] | [illegible] | [illegible] | |
| ५० | ज्ञानमणि भट्टराई | प्रमुख | कृषि ज्ञान केन्द्र | |
| ५१ | [illegible] | [illegible] | [illegible] | |
| ६०. | विवेक तामाङ | [illegible] | [illegible] | |
| ६१ | लक्ष्मी शर्मा | ज.स्वा.नि. | स्वास्थ्य कार्यालय | |

## मिति २०७९।०३।०२ गते बसेको जिल्ला विपद् व्यवस्थापन समिति, बागलुङको बैठकको निर्णयहरु

**प्रस्तावहरुः**

१. मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनःस्थापना सम्बन्धमा ।

२. मनसुन आपतकालीन कार्ययोजना, २०७८ अद्यावधिक गर्ने सम्बन्धमा ।

३. विविध सम्बन्धमा ।

**निर्णय नं.१**

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ भेरियण्ट सहितको कोभिड १९ को संक्रमण, रोकथाम तथा नियन्त्रण सम्बन्धमा जिल्लामा २०७८ वैशाख १ गतेदेखि हालसम्म कोभिड-१९ संक्रमितको संख्या ७९७५ जना रहेको, ७९१९ जना संक्रमित उपचार पश्चात डिस्चार्ज भएका र जिल्लामा सक्रिय संक्रमित नरहेका वैठकमा समीक्षा गरियो ।

**निर्णय नं.२**

श्री गृह मन्त्रालय विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखाले तयार पारेको मार्गदर्शन तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र नियमावली, २०७६ बमोजिम विपद् व्यवस्थापन समितिबाट तयार भएको मनसुन आपतकालीन कार्ययोजना, २०७९ को मस्यौदाको सम्बन्धमा छलफल भयो । मनसुन आपतकालीन कार्ययोजना, २०७९ अद्यावधिक गरि पारीत गरियो ।

**निर्णय नं.३**

बाढी पहिरो जस्ता मनसुनजन्य विपद्बाट बागलुङ जिल्ला विगतदेखि नै अति प्रभावित जिल्लाको रुपमा रहँदै आएको तथा यस बर्ष पनि जोखिम कायमै रहेकोले जिल्लास्थित सबै स्थानीय तह तथा सरोकारवालाले मनुसनजन्य विपद् बाढी पहिरोबाट हुने क्षति न्यूनीकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका क्रियाकलापहरु एकआपसमा समन्वय गरी सञ्चालन गर्ने र विपद्जन्य क्षतिलाई न्यूनीकरण गर्न सबै सम्बद्ध तथा सरोकारवाला निकायहरु परिचालन हुने निर्णय गरियो ।

**निर्णय नं.४**

जिल्लास्थित स्थानीय तहहरुले मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनःस्थापना सम्बन्धी Reconstruction MIS System (reconstruction.ndrrma.gov.np) मा प्रबिष्टि/प्रमाणित गर्नुपर्ने बाँकी रहेका लाभग्राहीहरुको विवरणहरु यथाशिघ्र प्रबिष्टि/प्रमाणित गरी रकम भुक्तानीका लागि जिल्ला प्रशासन कार्यालयमा पठाउने निर्णय गरियो ।

**निर्णय नं.५**

बागलुङ जिल्लामा चालू आ.व. २०७८।७९ को श्रावण देखि हालसम्म वर्षात, बाढी पहिरो तथा आगलागीबाट घटेका विपद्का घटनाहरु सम्बन्धमा वैठकमा प्रस्तुत गरि छलफल र जानकारी गरियो । मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनःस्थापनाका लागि जिल्लास्थित सबै स्थानीय तहबाट ४६७ लाभग्राहीको सर्भे गरी Reconstruction MIS System प्रबिष्टि भएको, पहिलो किस्ताका लागि जैमिनी नगरपालिकाबाट ३० जना, ताराखोला गाउँपालिकाबाट १० जना र निसीखोला गाउँपालिकाबाट २ जना गरी ६२ जना लाभग्राहीको Reconstruction MIS System मा प्रमाणित भई आएको, ताराखोला गाउँपालिकाका ९ जना लाभग्राहीलाई पहिलो किस्ता बापतको रकम रु.४,५०,०००। बैंक मार्फत मिति २०७९।०३।०१ गते भुक्तानी दिईएको, Reconstruction MIS System को विकास नहुँदै बागलुङ नगरपालिकाका २१ जना लाभग्राहीलाई रु.१० लाख ५० हजार र बडिगाड गाउँपालिकाका १४ जना लाभग्राहीलाई पहिलो किस्ता बापतको रकम रु.७ लाख भुक्तानी दिईएको, गत बर्ष चट्याङबाट मृत्यू भएका २ जनालाई संघीय सरकारको तर्फबाट प्रतिव्यक्ति रु.२ लाख र गण्डकी प्रदेश सरकारको तर्फबाट प्रतिव्यक्ति रु.५० हजार गरी रु.५ लाख, बाढी पहिरोबाट घरगोठमा क्षति भएका १३ परिवारलाई रु.६३ हजार गरी रु.२७ लाख ६३ हजार राहत वितरण गरिएको विवरण वैठकमा प्रस्तुत गरियो । यस जिल्लामा २०७८ साल श्रावण देखि २०७९ साल ज्येष्ठ मसान्तसम्म विपद्मा परी ज्यान गुमाएका ३ जना व्यक्तिको दिवंगत आत्माको चीरशान्तिको कामना गरियो ।

## बिषयसूची


| क्र.सं. | शीर्षक | पेज |
|---|---|---|
| १ | विषय प्रवेश | १ |
| २ | बाढी पहिरो पूर्ब समीक्षा | १-५ |
| ३ | संभावित परिदृष्य | ६ |
| ४ | उद्धार तथा राहत योजना | ६-७ |
| ५ | खोलाहरुबाट प्रभावित क्षेत्र | ७-८ |
| ६ | विपद्का समयमा प्रतिकार्य गतिविधि र निकायगत जिम्मेवारी | ९-११ |
| ७ | सूचना व्यवस्थापन | ११ |
| ८ | निकायगत स्रोत साधनको आँकलन र भण्डार | १२-१३ |
| ९ | सरकारी तथा अन्य गैर सरकारी संस्थाको जिम्मेवारी तथा सम्पर्क व्यक्ति | १३-१७ |
| १० | अनुसूचीहरु | |

# १. विषय प्रवेश

नेपाल सरकार, गृह मन्त्रालयबाट प्रकाशित मनसुन आपत्कालीन कार्ययोजनालाई मार्गदर्शनका रुपमा लिई मनसुन आपत्कालीन कार्ययोजना, २०७८ अद्यावधिक गरी मस्यौदाको रुपमा तयार पारिएको र मिति २०७९।०३।०२ गते जिल्ला विपद् व्यवस्थापन समितिका पदाधिकारी र १० वटै स्थानीय तहहरुमा रहने स्थानीय विपद् व्यवस्थापन समितिहरु र विपद्सँग सरोकार राख्ने संघसंस्था निकायसँग समन्वय गरी परिमार्जन गरिएको मनसुन आपतकालीन कार्ययोजना, २०७९ को मस्यौदालाई जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७९।०३।०२ गतेको वैठकबाट सरोकारवालासँग छलफल गरी पारित गरी अन्तिम रुप दिई कार्यान्वयनमा ल्याइएको छ ।

वर्षायाममा सम्भावित बाढी, पहिरो, डुवान, हावाहुरी, चट्याङ जस्ता प्रकोपहरुका कारण बागलुङ जिल्लामा प्रत्येक वर्ष ठुलो जनधनको क्षति हुने गरेको छ । यस्तो क्षतिलाई न्यूनीकरण गर्न विपद व्यवस्थापनका क्षेत्रमा कार्य गर्ने सबै सरकारी तथा गैर सरकारी निकायहरुले मनसुनको समयमा पर्न सक्ने विपद्मा उद्धार तथा राहत कार्यका लागि तयारी अवस्थामा रहन आवश्यक देखिएको छ । यस सम्बन्धमा आयोजना गरिएको विषयगत क्षेत्रका नेतृत्व र सह नेतृत्व लिने निकाय तथा अन्य निकायहरु बीच भएका छलफल तथा बैठकका निर्णयहरु  एवं सरोकारवाला निकायबाट प्राप्त विवरणको आधारमा तयार पारिएको यस कार्ययोजना बमोजिम विपद् जोखिम न्यूनीकरण खोज तथा उद्धार र राहत लगायतको कार्यहरु गरिनेछ ।

यस जिल्लामा संचालनमा ल्याईएको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, बागलुङ २०७८ को आधारमा यस जिल्लामा हुने प्रकोपहरुको स्तरीकरण गरिएको, जिल्लाको संकटासन्नता पहिचान गरिएको, निकायगत भुमिका निर्धारण गरिएको, मनसुनको समयमा हुन सक्ने पहिरो, बाढी, चट्याङ जस्ता प्रकोपबाट जिल्लाको विभिन्न स्थानीय तहका वडाहरुमा पर्ने उच्च जोखिम,मध्यम जोखिम र निम्न जोखिममा पर्ने स्थानीय तहका वडाहरु भनी स्तरीकरण गरिएको छ ।

# २. बाढी पहिरो (पूर्व समीक्षा)

बागलुङ जिल्लाको भौगोलिक बनावटलाई हेर्ने हो भने अधिकांश भूभाग पहाड तथा भिरालो प्रकारको छ । जसले गर्दा बर्षायामको समयमा अधिकांश स्थानीय तहका वडाहरुमा पहिरो जाने गरेको छ । वर्षेनी पहिरोको कारणले धनजनको क्षति हुने गरेको विगतको अनुभवहरुले पुष्टी गर्दछ । वि.स २०६४ सालमा ग्वालिचौरमा गएको पहिरोमा परि २९ जनाको ज्यान जानु र करिव ३ करोड बरावरको धनमाल नोक्सान हुनु पहिरो प्रभावित जिल्लाको रुपमा एक उदाहरण हो भने २०७३ श्रावण १० र ११ गते जिल्लाको अधिकारीचौरमा गएको बाढी पहिरोबाट भएको क्षति समेत उत्तिकै कहालीलाग्दो रहेको छ । यसैगरी २०७५ साल असार ११ गते बरेङ गाउँपालिका वडा नं. १ धुल्लुबासकोटमा पहिरो गई २ जनाको मृत्यु भएको, मिति २०७५।४।३० गते निसीखोला गाउँपालिकाको वडा नं. ३ मा पहिरो गई घर पुरिदा ३ जनाको मृत्यु भएको, २०७५।३।१२ गते काठेखोला गाउँपालिका वडा नं. ५ विहुँ काउलेको जमिन भासिन गई १४ घरधुरी विस्थापन भएको, मिति २०७५।५।२९ गते बडिगाड गाउँपालिका तुरतुरेमा बडिगाड खोला पहिरोबाट थुनीन गई ताल बनेको र तटीय किनारका बस्ती जोखिममा रहेका र सो को प्रभाव यस वर्ष पनि रहने सम्भावना रहेको अनुमान गरिएको छ । मिति २०७६।१।१ गते गलकोट नगरपालिका १ र २ मा

परेको अविरल वर्षाको कारण गौदी खोलामा बाढी आई कृषिबाली तरकारी नष्ट गरेको, सडकहरु अवरुद्ध गरेको, मिति २०७६।२।३ गते तमानखोला गाउँपालिकाका विभिन्न स्थान असिना पानीका कारण बाढी आई तरकारी खेतीलगायत सडक अवरुद्ध गरेको थियो । मिति २०७६।०४।०७ गते गल्कोट नगरपालिका वडा नं.८ ज्यामिरेमा पहिरो गई १ जनाको मृत्यु भएको, मिति २०७६।०४।२० गते तमानखोला गाउँपालिका वडा नं.४ लामेला शिवपुरीमा पहिरो गई ३ जनाको मृत्यु भएको, ७ जना घाइते भएको, ३ जनाको हेलिकप्टरद्वारा थप उपचारको लागि काठमाडौं पठाइएको । जिल्लाको काठेखोला गाउँपालिका वडा नं.४ मा मिति २०७७।०३।०६ गते पहिरो गई १ जनाको मृत्यू भएको, बागलुङ नगरपालिका वडा नं.१ मा मिति २०७७।०४।१० गते आएको पहिरोले पुरिएर १ जनाको मृत्यू भएको र १ जना बेपत्ता भएको, निसीखोला गाउँपालिका वडा नं.१ मा मिति २०७७।०४।१२ गतेको पहिरोले १ जनाको मृत्यू भएको, मिति २०७७।०४।१२ गते तमानखोला गाउँपालिका वडा नं.२ मा पहिरो आई २ जनाको मृत्यू भएको, मिति २०७७।०४।३० गते अविरल बर्षासँगै आएको पहिरोले निसीखोला गाउँपालिका वडा नं. ३ का १ जना र निसीखोला गाउँपालिका वडा नं.५ का २ जनाको मृत्यू भएको, ढोरपाटन नगरपालिका वडा नं.२ मा मिति २०७७।०५।०९ गते आएको पहिरोले १ जना मृत्यू भएको, ढोरपाटन नगरपालिका वडा नं.१० मा मिति २०७७।०५।१६ गते आएको बाढीपहिरोले १ जना मृत्यू भएको, ढोरपाटन नगरपालिका वडा नं.९ मा मिति २०७७।०५।१८ गतेको बाढीपहिरोबाट २३ जनाको मृत्यू भएको र १५ जना बेपत्ता भएको, मिति २०७७।०५।२४ गते चट्याङ लागि ताराखोला गाउँपालिका वडा नं.३ मा १ जनाको मृत्यू भएको, मिति २०७७।०५।२७ गतेको पहिरोबाट बडीगाड गाउँपालिका वडा नं.१० का १ जना मृत्यू भएको, मिति २०७७।०५।२८ र २९ गतेको पहिरोबाट जैमिनी नगरपालिका वडा नं.१ का २ जना र वडा नं. ५ का १ जनाको मृत्यू भएको थियो । समग्रमा २०७७ सालमा बागलुङ जिल्लामा ४० जनाको बाढी पहिरो चट्याङबाट मृत्यू भएको, १६ जना बाढी पहिरोमा बेपत्ता भएकोमा मृतक सरह मानी राहत उपलब्ध गराईएको थियो । मिति २०७८ असारमा परेको बर्षाका कारण बागलुङ-कुश्मीसेरा सडकको गलुवा खण्डमा पहिरोबाट क्षतिग्रस्त भई २०७८।०४।०३ बाट सुचारु गरिएको, मिति २०७८ आश्विन ३१ गतेदेखि परेको बेमौसमी बर्षाका कारण जिल्लाभरीका ३५०० भन्दा बढी कृषकको ४१० हेक्टर क्षेत्रफलमा लगाईएको धानवालीमा प्रभाव पारेको, ४१ जना कृषकका १०४ रोपनी क्षेत्रफलमा लगाईएको धानवाली पूर्ण रुपमा क्षति भएको थियो । यस प्रकारका विपद्का घटना र विपद् पश्चात उद्धार तथा राहत वितरण र पुनर्स्थापनाका क्रियाकलापहरु सिकाईको श्रोत भएका छन् । जिल्ला विपद् व्यवस्थापन समितिको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने सिलसिलामा प्रकोपको स्तरीकरण गर्दा पहिरोको प्रकोप एक नम्वरमा परेको छ । विगत वर्षहरुको बाढी पहिरोको प्रवृत्तिलाई हेर्दा देहाय बमोजिमका स्थानहरु उच्च जोखिममा रहेको आँकलन गर्न सकिन्छ ।

१. बडिगाड गाउँपालिकाको बडिगाड खोलाको तटीय वस्तीहरु

२. काठेखोला गाउँपालिका ५ विहुँ काउलेको क्षेत्र

३. बरेङ गाउँपालिका वडा नं.१

४. निसीखोला गाउँपालिका वडा नं.७

५. गलकोट नगरपालिका वडा नं. १,२,३ गौदी खोला र दरमखोलाका तटीय क्षेत्र

६. बागलुङ नगरपालिका वडा नं. १ मालढुङ्गादेखि कालीगण्डकी नदीका तटीय क्षेत्र

७. जैमिनी नगरपालिकाका कालीगण्डकी नदीका तटीय क्षेत्र

८. काठेखोला गाउँपालिकाको वडा नं. २ अछेते बजार, वडा नं. १ दोविल्ला क्षेत्र

९. तमान गाउँपालिकाको बोङ्गादोभान क्षेत्र

१०. मध्यपहाडी लोकमार्गको बागलुङ निसी खण्ड अन्तर्गत बा.न.पा. ३ बोक्सेको गहिरो, काठेखोला गा.पा.को टापु, काउले, गलकोट न.पा. को नरेठाटी, हटिया, बानिया, मनेवा क्षेत्र बडिगाड गा.पा.को खर्वाङ, राक्से, ग्वालीचौर, खौलार, खार, बालुवा, तुरतुरे, ढोरपाटन न.पा.को खप्तरीवाङ पहिरो, निसीखोला गा.पा.का विभिन्न क्षेत्रहरु आदि

११. ताराखोला गा.पा.को सिले, साँधी, ताराखोला तटिय क्षेत्रहरु

१२. कालीगण्डकी कोरिडोरका गलुवा, धापेखोला, सरडी, कैया, टुटुङा, जैमिनीघाट, बेलबगर आदि क्षेत्र । त्यस्ता उच्च जोखिममा रहेका क्षेत्रहरुको नियमित रुपमा अवलोकन गर्ने, नदी खोलाको पानीको सतह हेर्ने, सम्भावित विपद्का घटनालाई न्यूनीकरण गर्न र सचेत तथा सजग रहन प्रभावित क्षेत्रमा रहेका स्थानीय तहका विपद् व्यवस्थापन समिति, सुरक्षा युनिटहरु, विपद सम्बद्ध संघ संस्थाहरुले सक्रिय रुपमा उच्च सतर्कता अपनाउनु पर्ने हुन्छ ।

स्थानीय तहबाट दिएको तथ्यांक तथा जिल्ला प्रशासन कार्यालयमा प्राकृतिक प्रकोपको लागि वितरण गरिएको राहतको रेकर्ड अनुसार तल उल्लेखित वडाहरु पहिरोले उच्च जोखिममा रहेको पाइन्छ। पहिरोको प्रकोपबाट अधिकांश स्थानीय तहका वडाहरु प्रभावित भएको पाइन्छ। स्थानीय तहबाट प्राप्त विवरणको आधारमा ३७ वटा वडाहरु उच्च जोखिममा, ३१ वडाहरु मध्यम जोखिममा, १७ वडाहरु निम्न जोखिममा रहेका छन् । जुन तलको तालिकामा देखाइएको छ ।

| सि. नं. | उच्च जोखिम | सि. नं. | मध्यम जोखिम | सि. नं. | निम्न जोखिम | पहिरोबाट हुन सक्ने अनुमानित क्षतिको विवरण |
|---|---|---|---|---|---|---|
| १ | ढोरपाटन न.पा. ७,८,९ | १ | ढोरपाटन न.पा. ५,६ | १ | उच्च र मध्यम जोखिममा परेका बाहेक १७ वडाहरु | पहिरोको कारण विभिन्न वडाहरुमा गरी अन्दाजी ३० हजार जनसंख्या प्रभावित हुन सक्ने छ भने ३५०० देखि ४००० घरधूरी सम्ममा क्षति हुन सक्ने छ भने १५ वटा विद्यालय भवनहरुमा समेत क्षति पुग्ने देखिन्छ । |
| २ | गल्कोट न.पा. १ दुदिलाभाटी | २ | निसीखोला गा.पा. ४ | | | |
| ३ | काठेखोला गा.पा. ५,६ | ३ | निसीखोला गा.पा. ५ | | | |
| ४ | काठेखोला गा.पा. ४ | ४ | जैमिनी न.पा. ९ पैयुथन्थाप | | | |
| ५ | बा.न.पा. १० भकुण्डे | ५ | गल्कोट न.पा. ३,४ हटिया | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | वा.न.पा. ११ रायडांडा | ६ | जैमिनी न.पा. १० राङखानी | | | |
| ७ | वा.न.पा. ७ | ७ | जैमिनी न.पा. ५ विनामारे | | | |
| ८ | काठेखोला गा.पा. २ भिमपोखरा | ८ | बरेङ गा.पा. ३ बाटाकाचौर | | | |
| ९ | वा.न.पा न.पा. ८ | ९ | वडिगाड गा.पा. ९,१० दर्लिङ | | | |
| १० | काठेखोला गा.पा. ७ रेश | १० | बरेङ गा.पा. ५ सुखौरा | | | |
| ११ | ताराखोला गा.पा. ३ हिल | ११ | वरेङ गा.पा.४ सल्यान | | | |
| १२ | ताराखोला गा.पा. ४,५ तारा | १२ | वा.न.पा. ५ मालिका | | | |
| १३ | वा.न.पा. १२ अमलाचौर | १३ | वा.न.पा. ९ तित्याङ | | | |
| १४ | जैमिनी न.पा.८ जैदी | १४ | काठेखोला गा.पा. ३ धम्जा | | | |
| १५ | वरेङ ग.पा. १ धुल्लुबास्कोट | १५ | गल्कोट न.पा.२ नरेठाटी | | | |
| १६ | गल्कोट न.पा. १० पाण्डवखानी | १६ | ताराखोला गा.पा. २ अर्गल | | | |
| १७ | निसीखोला गा.पा.१,२,३ | १७ | गल्कोट न.पा. ५ हरिचौर | | | |
| १८ | वडिगाड ग.पा. १,२ दगान्तुडांडा | १८ | जैमिनी न.पा. १ कुश्मीशेरा | | | |
| १९ | ढोरपाटन न.पा. ४ खुंगा | १९ | बरेङ ग.पा. २ हुग्दीशिर | | | |
| २० | जैमिनी न.पा. ८ छिस्ती | २० | वा.न.पा. १३ पैयूपाटा | | | |
| २१ | ताराखोला गा.पा.२ सिले | २१ | बडिगाड गा.पा. ३ सिसाखानी | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२ | जैमिनी न.पा. २,३ दमेक | २२ | तमानखोला गा.पा. ५,६ खुंखानी | | | |
| २३ | बडिगाड गा.पा. ८ रणसिंकिटेनी | २३ | निसीखोला गा.पा. ६, ७ | | | |
| २४ | बडिगाड गा.पा. ६,७ भिमगिठे | २४ | ढोरपाटन न.पा. १,२,३ बुर्तिवाङ | | | |
| २५ | बडिगाड गा.पा. ५ ग्वालीचौर | | | | | |
| २६ | तमानखोला गा.पा. १,२ बोंगादोभान | | | | | |
| २७ | ताराखोला गा.पा. १ अमरभुमि | | | | | |

# ३. संभावित  परिदृश्य

## ३.१. स्थानीय गाउँपालिका/नगरपालिकाबाट प्राप्त

स्थानीय गाउँपालिका तथा नगरपालिकाबाट प्राप्त विवरणको आधारमा पहिरो प्रकोपको कारणले विभिन्न वडाहरुमा गरि करिब ३०,००० जनसंख्या प्रभावित हुने संभावना रहेको छ । साथै पहिरोको प्रकोपबाट घरगोठमा क्षति पुग्न सक्ने, बालबालिकाहरु, वृद्धावृद्धाहरु, गर्भवती महिलाहरु, सुत्केरी महिलाहरु, अपागं व्यक्तिहरु, दलित र अति गरिबहरु समेतलाई प्रत्यक्ष प्रभाव पर्ने देखिन्छ। पहिरोको जोखिममा रहेका झण्डै २० विद्यालयहरु पहिरोको कारण पूर्ण तथा आंशिक रुपमा भत्किएर अध्ययनरत विद्यार्थीहरुको पठनपाठनमा वाधा पुग्न जानेछ। पहिरोका कारण झोलुगें पुलहरु, मोटर बाटोहरु भत्किन गई सहज आवागमनमा वाधा पुऱ्याउने देखिन्छ। खानेपानीका पाइपहरु बगाएर खानेपानी सेवा अवरुद्ध हुने र विद्युत लाइनहरुमा पनि क्षति पुग्न सक्ने देखिन्छ । त्यस्तै सिंचाई कुलोहरु, यात्रु प्रतिक्षालयहरु, खेतीयोग्य जमिन र जमिनमा लगाइएका अन्नवालीहरुमा पनि क्षति हुन सक्ने संभावना छ।

# ४. उद्धार तथा राहत योजना

पहिरो एकै पटक सबै ठाउमा जाने गर्दैन । त्यसकारण पहिरो गै सकेपछि तल उल्लेखित प्रतिकार्यका कार्यहरु प्रभावकारी रुपमा सम्पन्न गर्ने योजना तयार गरिएको छ । पहिरो गएको ठाउँको भरपर्दो माध्यमबाट जानकारी लिने। पहिरो गएको ठाउँमा उद्धार तथा राहतको लागि तुरुन्तै स्थानीय तह, नेपाली सेना, नेपाल प्रहरी र नेपाल रेडक्रस सोसाइटीको उद्धार टोली घटनास्थलमा पठाउने । उद्धार टोलीको सूचनाको आधारमा यदि ठुलो नै पहिरो गएर धेरै जनसंख्या प्रभावित भएको छ भने तुरुन्तै बहु क्षेत्रगत द्रूत लेखाजोखा टोली घटनास्थलमा पठाई विस्तृत सूचना संकलन गर्ने । सूचना संकलनको आधारमा स्थानीय तह र विषयगत क्षेत्र अगुवाहरुले राहत तथा उद्धार सम्बन्धी कार्य शुरुवात गर्ने। स्थानीय तह र नेपाल रेडक्रस सोसाइटीले अस्थायी रुपमा बसोबास मिलाउनको लागि कार्य गर्ने साथै प्रभावितहरुको लागि अस्थायी टहराहरु वा सुरक्षित आश्रयस्थलमा राख्ने व्यवस्था मिलाउने। विपद पश्चात क्षति पुग्न सक्ने क्षेत्रका खाद्यान्न पसलहरुलाई पहिचान गरी (निश्चित मात्रामा) क्षति पुग्न सक्ने जनसंख्याको आकार अनुसारको खाद्यान्न मनसुन अवधिमा स्टक राख्न लगाउने र त्यसको लागि स्थानीय निकायबाट निश्चित रकम छुट्टयाई तत्काल प्रयोग गर्न मिल्ने गरी राख्ने। आवश्यक पर्ने त्रिपालहरु, डोरी, प्लाष्टिकका वाल्टिन, multimobile charging charger, तयारी हालतमा राख्ने र तत्काल राहतका लागि जग, प्लाष्टिकको म्याट, कम्वल, साथै चिउरा, दालमोठ, बिस्कुट, भुजिया, चामल, दाल, नुन, चिनी आदिको वितरण गर्ने। स्थानीय तह स्वास्थ्य कार्यालय वा स्वास्थ्य संस्थाले आवश्यक पर्ने औषधीको वितरण गर्ने। सुत्केरी महिला, गर्भवती महिलाहरुको लागि आवश्यक औषधी, सरसफाई तथा मातृशिशु सेवा उपलव्ध गराउने झाडापखला तथा अन्य माहामारी फैलिन नदिन खोप सेवा तथा आवश्यक औषधीहरु वितरण गर्ने । स्वास्थ्य टोली खटाउने । बालबालिकाहरुको लागि पोषणयूक्त खानाको व्यवस्था गर्ने । स्थानीय

तहसंग समन्वय गरी खानेपानी तथा सरसफाई डिभिजन कार्यालयले स्वच्छ खानेपानी उपलब्ध गराउनका लागी पानी शुध्द गर्ने वाटर पाउडर र गार्ड वितरण गर्ने साथै स्वच्छ पानी सम्वन्धी जनचेतना जगाउने । स्थानीय तह र शिक्षा विकास तथा समन्वय ईकाइले वैकल्पिक विद्यालयको खोजी गरी वा अस्थायी रुपमा विद्यालय भवन निर्माण गरि वालवालिकाहरुको पठनपाठन सुचारु गर्ने । विद्यार्थीहरुलाई तत्कालको लागि किताव, कापी, पेन्सिल तथा अन्य शैक्षिक सामाग्रीहरु उपलव्ध गराउने । विद्यालयको अन्य अतिरिक्त क्रियाकलापहरु गर्ने र साथै खेलकुदका सामानहरु पनि वितरण गर्ने । उद्धार टोलीहरु घटनास्थलमा पुग्नको लागि अवरोधहरु हटाउन highway का वरिपरिका स्काभेटर, डोजर आदिको पहिचान गरी तयारी अवस्थामा राख्न लगाउने तथा उपलब्ध नभएमा मनसुन अवधिभर विभिन्न स्थानमा स्थानीय तहद्वारा भाडामा लिई तयारी अवस्थामा राख्ने । कुनै प्राकृतिक प्रकोपको घटना हुनासाथ DEOC मा जानकारी गराउने र DEOC ले कुनै पनि घटनाको सूचना लिई घटना पश्चात तुरुन्तै प्र.जि.अ., सहायक प्र.जि.अ. लगायत घटनासँग सम्बन्धित सम्पूर्ण निकायहरुलाई खबर गर्ने ।

## ५. खोलाहरुबाट प्रभावित क्षेत्र

| सि.नं. | खोला | प्रभावित क्षेत्र | वस्ती | असर क्षेत्र |
|---|---|---|---|---|
| १ | कालिगण्डकी | बा.न.पा. ४ ढोडेनी | ७ घरधुरी | नदिको दायाँ तटमा अवस्थित वस्ती एवं कृषियोग्य भुमि नदि कटानबाट प्रभावित |
| २ | कालिगण्डकी | बा.न.पा. १ मलढुंगा | १५ घरधुरी | नदिको दायाँ तटमा अवस्थित वस्ती एवं कृषियोग्य भुमि नदि कटानबाट प्रभावित |
| ३ | कालिगण्डकी | जैमिनी न.पा. ६ | अर्जेवा १,२ | नदिको दायाँ तटमा अवस्थित वस्ती एवं कृषियोग्य भुमि नदि कटानबाट प्रभावित |
| ४ | कालिगण्डकी | बा.न.पा. १० दब्ल्याङ | १२ घरधुरी | नदिको दायाँ तटमा अवस्थित वस्ती एवं कृषियोग्य भुमि नदि कटानबाट प्रभावित |
| ५ | बडिगाड | ढोरपाटन न.पा. १,३ | बुर्तिवाङ बजार | नदिको बायाँ तटमा अवस्थित वस्ती एवं कृषियोग्य भुमि नदि कटानबाट प्रभावित |
| ६ | बडिगाड | बडिगाड गा.पा. ६,७ | भिमगिठे बजार, खाल बजार | नदिको बायाँ तटमा अवस्थित वस्ती एवं कृषियोग्य भुमि नदि कटानबाट प्रभावित |
| ७ | बडिगाड | बडिगाड गा.पा. ८ | खार बजार | नदिको बायाँ तटमा अवस्थित वस्ती एवं कृषियोग्य भुमि नदि कटानबाट प्रभावित |
| ८ | बडिगाड | बडिगाड गा.पा. १,२ | खरवाङ बजार | नदिको बायाँ तटमा अवस्थित वस्ती एवं कृषियोग्य भुमि नदि कटानबाट प्रभावित |
| ९ | दरमखोला | गल्कोट न.पा. ५,६ | बसाह फाँट | नदिको दायाँ तटमा अवस्थित वस्ती एवं कृषियोग्य भुमि नदि कटानबाट प्रभावित |
| १० | दरमखोला | गल्कोट न.पा. ७ | मल्म ५ | नदिको दायाँ तटमा अवस्थित वस्ती एवं कृषियोग्य भुमि नदि कटानबाट प्रभावित |

| | | | | |
|---|---|---|---|---|
| ११ | दरमखोला | गल्कोट न.पा. ११ | रिघा ६ | नदिको दायाँ तटमा अवस्थित वस्ती एवं कृषियोग्य भुमि नदि कटानबाट प्रभावित |
| १२ | निसीखोला | निसीखोला गा.पा. ५,६ | निसी १,३,४ र ५ | नदिको दुवै तटमा अवस्थित कृषियोग्य भुमि नदि कटानबाट प्रभावित |
| १३ | निसीखोला | निसीखोला ३,४ | निसी ७,९,२ र ८ | नदिको दायाँ तटमा अवस्थित वस्ती एवं कृषियोग्य भुमि नदि कटानबाट प्रभावित |
| १४ | बोङ्गाखानी खोला | तमानखोला गा.पा. १,२ | बोङ्गाखानी, बोङ्गादोभान बजार | वस्ती एवं कृषियोग्य भुमि नदि कटानबाट प्रभावित |
| १५ | सेउला खोला | तमानखोला गा.पा. १,२ | पातिचौर,बोङ्गादो भान ३ | वस्ती एवं कृषियोग्य भुमि नदि कटानबाट प्रभावित |
| १६ | तमान खोला | तमानखोला गा.पा. ३,४ | तमान ३,६,२ | वस्ती विद्यालय एवं कृषियोग्य भुमि नदि कटानबाट प्रभावित |
| १७ | उत्तर गंगा | ढोरपाटन न.पा. ५,६,७,८,९ | बोबाङ ७,८,९ अधिकारीचौर ५,६ | वस्ती एवं कृषियोग्य भुमि नदि कटानबाट प्रभावित |
| १८ | भिङगाड | वडिगाड गा.पा. ६,७ | भिमगिठे बजार, खाल बजार | वस्ती एवं कृषियोग्य भुमि नदि कटानबाट प्रभावित |
| १९ | काठेखोला | काठेखोला गा.पा. विहुँ ,सिगाना १,५,६ | नदिको दुवै तटमा अवस्थित स्थानहरु | वस्ती एवं कृषियोग्य भुमि नदि कटानबाट प्रभावित |
| २० | गौदी खोला | वा.न.पा. ९,१० गल्कोट न.पा. ३,४ | हटिया बजार | वस्ती विद्यालय एवं कृषियोग्य भुमि नदि कटानबाट प्रभावित |
| २१ | चुपी खोला | गल्कोट न.पा.१,२,४,६ र ९ | नरेठाँटी बजार | वस्ती विद्यालय एवं कृषियोग्य भुमि नदि कटानबाट प्रभावित |
| २२ | ठेउले खोला | जैमिनी न.पा.४ | सर्कुवा १,२ र ६ | वस्ती विद्यालय एवं कृषियोग्य भुमि नदि कटानबाट प्रभावित |
| २३ | ठेउले खोला | जैमिनी न.पा.९ | पैयुथन्थाप ५ | वस्ती एवं कृषियोग्य भुमि नदि कटानबाट प्रभावित |
| २४ | अन्धेरी खोला | गल्कोट न.पा.१० | पाण्डवखानी ५ | वस्ती एवं कृषियोग्य भुमि नदि कटानबाट प्रभावित |
| २५ | चौरीखोला | जैमिनी न.पा. ७,८ | वेलवगर बस्ती | वस्ती एवं कृषियोग्य भुमि नदि कटानबाट प्रभावित |

## ६. विपद्का समयमा प्रतिकार्य गतिविधि र निकायगत जिम्मेवारी

| सि.नं. | निकाय | जिम्मेवारी व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी<br>(अध्यक्ष जिल्ला विपद् व्यवस्थापन समिति) | ● जिल्ला विपद व्यवस्थापन समितिको समन्वय बैठक आयोजना.जानकारीको संकलन र परिस्थितीको अद्यावधिक गर्ने<br>● .सबै क्षेत्रगत कार्य समुह(Cluster) लाई सक्रिय पार्ने कार्यविभाजन गरी सवै क्षेत्रगत कार्यसमुह (Cluster) लाई जिम्मेवारी सुम्पने<br>● .खोज तथा उद्धार कार्यमा सुरक्षा निकाय समन्वयमा परिचालन गर्ने<br>● आवश्यकता अनुसार क्षेत्रिय तथा केन्द्रिय स्तरमा सहयोग -मानवीय ,आर्थिक,भौतिक को लागि समन्वय ) |
| २ | जिल्ला समन्वय समिति | जिल्ला समन्वय प्रमुख/अधिकारी | ● समन्वयात्मक कार्यमा सहयोग गर्ने । |
| ३. | स्थानीय न.पा /गा.पा | प्रमुख/अध्यक्ष (स्थानीय विपद् व्यवस्थापन समितिका अध्यक्ष) | ● आवास तथा पुनःस्थापना कार्यमा सहयोग गर्ने<br>● स्रोत (आर्थिक, भौतिक, मानवीय श्रोत) परिचालन तथा समन्वय गर्ने । तत्कालीन राहत उपलव्ध गराउने । उद्धारका लागि टोली परिचालन गर्ने ।<br>● जिल्ला विपद् व्यवस्थापन समिति लगायतका सम्बन्धित निकायसँग विपद् पूर्व तयारी, प्रतिकार्य र व्यवस्थापनका लागि समन्वय गरी प्रभावकारी कार्य गर्ने । |
| ४. | सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल) | प्रमुख तथा प्रतिनिधि | ● मुख्यतः खोज तथा उद्धार कार्यको नेतृत्व तथा उद्धारकार्य गर्ने ।<br>● सुरक्षा व्यवस्था गर्ने<br>● विषयगत समितिमा रहि सहयोग गर्ने<br>● जिल्ला प्रहरी कार्यालय प्रमुखले प्रदेश प्रहरी कार्यालय प्रमुखसँग समन्वय गरी गण्डकी प्रदेश प्रहरी कार्यालय विपद व्यवस्थापन गुल्मका खोज उद्धार तालिम प्राप्त प्रहरी कर्मचारीहरु थप मद्धतको रुपमा माग्ने । |
| ५. | धौलागिरी अस्पताल अन्य स्वास्थ्य चौकीहरु | मे.सु. | ● घटनास्थलमा मेडिकल टिम परिचालन गर्ने ।<br>● मनसुन अवधिभर डाक्टर सहितको एम्बुलेन्सलाई Stand by राख्ने । |

| | | | |
|---|---|---|---|
| | | | • मनसुन अवधिभर निश्चित बेड विपदबाट घाइतेहरुको उपचारको लागि खाली राख्ने । |
| ६. | राजनैतिक दलहरु (जिल्ला स्थित सम्पूर्ण राजनैतिक दलहरु) | दलका प्रमुखहरु | • समन्वय<br>• श्रोत संकलनमा सहयोग<br>• भातृ संगठन परिचालन<br>• जनपरिचालन गर्ने |
| ७. | नेपाल रेडक्रस सोसाईटी | सभापति | • प्रवन्धकारी भुमिका निर्वाह गर्ने<br>• गैर खाद्य सामाग्री तथा अस्थायी आवासको व्यवस्थापन<br>• सूचना संकलन तथा सर्वेक्षण कार्यमा स्वयंसेवक परिचालन गर्ने<br>• प्रकोपको समयमा आपतकालिन आवास तथा बन्दोबस्ती (Logistic) व्यवस्थापन गर्ने । |
| ८. | विषयगत सरकारी कार्यालयहरु | कार्यालय प्रमुखहरु | • विषयगत समितिमा रही क्षेत्रगत अगुवाको भुमिका निर्वाह गर्ने<br>• सम्बन्धित कार्यालयको आपतकालिन योजना निर्माण गर्न |
| ९. | उद्योग बाणिज्य संघ | अध्यक्ष | • सुख्खा तथा तयारी खाना जस्तै चिउरा, भुजा, विस्कुट, आदि खाद्य सामाग्री संकलन वितरण र व्यवस्थापनमा सघाउने |
| १०. | यातायात व्यवसायीहरु | संचालकहरु | • राहत तथा उद्धार कार्यका लागि यातायातका साधनहरु र जनशक्ति उपलब्ध गराउने । |
| ११. | संचार माध्यम | नेपाल पत्रकार महासंघ र संचारकर्मीहरु | • सहि सूचना संकलन तथा सम्प्रेषण |
| १२. | नागरिक समाज | संयोजक | • राहत तथा उद्धार कार्यमा सहयोग तथा समन्वय<br>• मानव अधिकारको संरक्षण तथा सम्बर्द्धनमा सहयोग |
| १३. | पेशागत व्यवसायी (निर्माण व्यवसायी, काष्ठ व्यवसायी तथा जल उपभोक्ता महासंघ समितिहरु, सामुदायिक बन उभोत्ता महासंघ र समितिहरु) | अध्यक्ष | • राहत, उद्धार तथा संरक्षण कार्यमा सहयोग |
| १४. | गै.स.स. महासंघ, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गै.स.स. | प्रमुख तथा प्रतिनिधि | • मानवस्रोत परिचालन गर्ने<br>• श्रोत संकलनमा सहयोग गर्ने<br>• गै.स.स. बीच समन्वय<br>• क्षमता विकास तथा सहजीकरण कार्य गर्ने |

| | | | |
|---|---|---|---|
| १५ | जिल्ला सहयोगी संस्थाहरु | प्रमुख तथा प्रतिनिधि | • सवै निकायहरुको सहकार्यमा जिल्ला विपद पुर्व तयारी योजना तर्जुमा गर्न सहयोग गर्ने ।<br>• प्रभावकारी प्रतिकार्य पुर्व तयारीका लागी मुख्य सिद्धान्त वा न्युनतम मापदण्डका बारेमा समन्वय गर्ने ।<br>• विपद पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रियामा सवै विषयगत क्षेत्रका अगुवा तथा सदस्य संस्था लगायत अन्य सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्ने ।<br>• DEOC/DDRC सँग समन्वय गरी विपदका सवै चरणका बेला सूचना प्राप्त गर्ने निकायको रुपमा कार्य गर्ने र प्राप्त सूचनाहरु DDRC मा समयमा नै जानकारी गराउने ।<br>• जिल्लामा कार्यरत मानवीय सहायतामा कार्यरत निकायहरुमा सूचना प्रवाह गर्ने ।<br>• जिल्लास्तरमा DDMP, DPRP, DRR Policy & strategy बनाउने कार्यमा DDRC लाई सहयोग पुऱ्याउने |

## ७. सूचना व्यवस्थापन

आपतकालीन पूर्व तयारीका लागि यस जिल्ला विपद् व्यवस्थापन समिति अन्तरगत ९ वटा कार्यसमूह क्लष्टर रहेका छन । जस अर्न्तगत पहिलो प्राथमिकतामा समन्वय तथा सूचना कार्य अर्थात सूचना क्लष्टर रहेका छ । यस क्लष्टरले सूचना समन्वयको कार्य गर्नेछ । यसको नेतृत्व जिल्ला प्रशासन कार्यालय विपद् सम्पर्क व्यक्तिले गर्नेछ । यस समितिले निकायगत श्रोत साधनको आंकलन उक्त निकायको पहिचान आवश्यक सामाग्रीहरुको भण्डार भए नभएको सुनिश्चित गर्नेछ । साथै तत्कालका विपद्का घटनाको सूचना संकलनमा स्थानीय तह, जिल्ला प्रहरी, नेपाल रेडक्रस सोसाईटीका उपशाखाहरु, जिल्ला सहयोगी संस्था र यथार्थ/आधिकारीक सूचना अद्यावधिकका लागि जिल्ला प्रशासन कार्यालय अर्न्तगत रहेको आपतकालीन सूचना केन्द्र (DEOC) बाट उपलब्ध सूचनाहरु रहनेछन् भने दीगो रुपमा थप कार्यका लागि यिनै सूचनालाई अभिलेखीकरण गरी थप श्रोत, क्षमता, संकटासंनताका सूचना विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बागलुङको अनुसूची ३ मा उल्लेख गरिएको छ ।

## ८. निकायगत स्रोत साधनको आँकलन र भण्डार

| सि.न. | संस्थाको नाम | मुख्य विषयगत क्षेत्र | कार्यालयको ठेगाना | भण्डार भएको बन्दोबस्तीको सामाग्री | उपलब्ध नगदकोष (ऐच्छिक) |
|---|---|---|---|---|---|
| १. | स्थानीय तह गा.पा./न.पा.हरु | राहत व्यवस्थापन | सम्बन्धित स्थानीय तहको कार्यालय | दैवीप्रकोप राहतका लागि कोष व्यवस्थापन | |
| २. | श्रीमेहर गण घोडाबाँधे व्यारेक | खोज तथा उद्धार र संरक्षण | घोडाबाँधे, काँठेखोला-६ सवयुनिट उपल्लाचौर बागलुङ | रबरबुट ३, रेस्क्यु क्याप १०, लाईफ ज्याकेट १५, मिडियम साईजको ट्युब ३, फुट पम्प १, रेस्क्यु भेष्ट १०, थ्रो व्याग ३, हेड लाईट १८, स्टेचर ४, फष्ट एड किट ४, ग्लोब्स ३, रबरको म्याट्स ३०, टाटपोलियन १०, पिक ६ सावेल १०, क्रोबर सानो गल १५, सफ्टी हेलमेट १५, ब्लाङकेट ७ | |
| ३. | गण्डकी प्रदेश प्रहरी कार्यालय, विपद् व्यवस्थापन गुल्म, बागलुङ | खोज तथा उद्धार, राहत वितरण | रुद्रेपिपल | ट्युब ४, डायनामिक डोरी ४८० मि., स्ट्रेचर ७, बेल्चा २१, सेफ्टि बेल्ट ३, बन्चरो ३, घन ५, गल ७, रिङ लाईफ बाँय १, थ्रो ब्याग ३, किट बक्स ३, लाईफ ज्याकेट ५७, चेन स ४, ल्याडर टेलिस्कोप ३, मिटन ग्लोप्स ६ जोर, रोटरी रेस्क्यु २ | |
| ४. | जिल्ला प्रहरी कार्यालय | खोज तथा उद्धार र संरक्षण | जिल्ला प्रहरी कार्यालय बागलुङ | गैटी १०, साबेल १०, गल २०, हेल्मेट २०, लाईफ ज्याकेट ५ | |
| ५. | नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा बागलुङ | खोज तथा उद्धार र पूर्नस्थापना | नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा कार्यालय बागलुङ | लाईफ ज्याकेट ५, साईड व्याग ५, त्रिपाल ५०, कम्बल १००, फस्ट एड किड ५, डोरी ५०० मिटर, गमबुट ५, ग्लोब ५, टाउकोमा बाध्ने टर्च ५, हेल्मेट ५ स्टेचर १ | |
| ६. | धवलागिरी सामुदायिक श्रोत विकास केन्द्र | खाद्य तथा कृषि | उपल्लाचौर बागलुङ | | केही रकम उपलब्ध छ र बीउ विजन दिन सक्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | स्वास्थ्य कार्यालय | स्वास्थ्य | स्वास्थ्य कार्यालय, बागलुङ | Bedatin sol 500ml 2 bottle, Tab Burfen 400mg 500mg tab ing diclomol 30 amp, tab cetamol 1400 tab, tab cipro 500mg 2000 tab, tab cipro 250 mg 1000 tab, metronidozole 500mg & 200mg 1500 tab, zinc tab 500tab ors Pkt 200 pakt, ringer lactate 40 bottle, iv set 25 set, canula 25 set, cotton roll 2toll, bandage 4 inch 40pc, cotrim p tabs 1000 tab, cotrim susp 50 ph, amoxylician syrum 50 ph, inj. ampilicin 10 vial, distrilled water fro inj. 20 amp, avil inj. 5 amp ctz tab 100 tab, spirt 200ml 2 bottle | |

## ९. सरकारी तथा अन्य गैरसरकारी संस्थाको जिम्मेवार तथा सम्पर्क व्यक्ति

| क्र. स | कार्यालयको नाम | जिम्मेवार व्यक्ति | मोबाइल नम्बर | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी रमेश ढकाल | ९८५७६०७७७७ | • नेतृत्व तथा समन्वय | |
| २. | श्रीमेहर गण | प्रमुख सेनानी देवभक्त माडी श्रेष्ठ | ९८५७६२०००४ | • प्राकृतिक प्रकोपको अवस्थामा आवश्यक उद्धारका समाग्रीहरु आवश्यक जनशक्तिका साथै First Responder को रुपमा खोज तथा उद्धारको लागी तयारी अवस्थामा बस्ने | |
| ३. | जिल्ला प्रहरी | प्रहरी उपरिक्षक दयानिधी ज्ञवाली | ९८५७६०५५५५ | • आवश्यक जनशक्ति सति उद्धार कार्यमा सहभागी हुन तत्पर हरको | |
| ४. | शसस्त्र प्रहरी बल | स.प्र.ना.उपरिक्षक रमेश कुमार गुरुङ | ९८५७६६६७०० | • खोज तथा उद्धार र सुरक्षामा जनशक्ति र आवश्यक समाग्री सहित परिचान गर्ने | |
| ५. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | प्रमुख अनुसन्धान अधिकृत विनय कुमार चतुर्वेदी | ९८५७६५७६७६ | • विपद सम्बन्धी अग्रीम तथा विपद पश्चात सूचना संकलन गरी सम्बन्धित निकायमा सम्प्रेषण गर्ने | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | स्वास्थ्य कार्यालय | सुरज गुरौ | ९८५७६२२७८८ | • जिल्लामा AREa RRT लाई Management गर्ने<br>• Logistic Management गर्ने | |
| ७. | धौलागिरी अस्पताल | डा. शैलेन्द्र वि.क. पोखरेल | ९८५११७६४२५ | • Mobilization of Dristric Health personnel<br>• Logistic Manegemnt | |
| ८. | नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा कार्यालय, बागलुङ | जब्बर बहादुर लामिछाने | ९८५७६२५१६९ | • उद्धारमा जनशक्ति परिचालन<br>• गैरखाद्य सामाग्रीहरुः भाडाकुडा, पाल, लत्ताकपडा | |
| ९. | जिल्ला वन कार्यालय | मुकुण्द प्रसाद अधिकारी | ९८५७६३५१३५ | • अस्थायी टहरा निर्माण गर्नु परमा सामुदायिक बन मार्फत काठ दाउरा उपलब्ध गराउन सक्ने | |
| १०. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | तुलसी बस्नेत | ९८५७६४६११० | • खानेपानी सेवा सुचारु गर्न उपलब्ध गराउने ।<br>• खानेपानी शुद्धिकरण सामग्री ब्लिचिङ पाउडर पिउस, क्लोरिन र ट्याब्लेट उपलब्ध गराउने ।<br>• अस्थायी शौचालयका लागी प्यान र पाईप उपलब्ध गराउने । | |
| ११. | सडक डिभिजन | बलिराज मल्ल | ९८५७६२१६३८ | • Heavy Eqiupment तयारी हालतमा राखी बाटो खुलाउन पहल गर्ने<br>• Highway मा सडक बोर्डका कर्मचारी प्रयोग गर्न सकिने | |
| १२. | जलश्रोत तथा सिंचाई विकास डिभिजन | कुमार बहादुर खडका | ९८५७६३३५६७ | • सिंचाई सुविधामा पुगेका अवरोध कम गर्न तथा हटाउने ।<br>• पहिरो बाढी रोकथामको लागी तारजाली, बोरा उपलब्ध गराउने । | |
| १३. | बागलुङ नगरपालिका | पुरुषोत्तम सापकोटा | ९८५७६२०४१६ | • सूचना/जानकारी सम्प्रेशण<br>• राहत सामाग्रीहरु उपलध गराउने<br>• समन्वय गर्ने<br>• विपद व्यवस्थापन कोष स्थापना भएको । | |
| १४. | जैमिनी नगरपालिका | ज्ञानराज कोईराला | ९८५७६५३१११ | • सूचना/जानकारी सम्प्रेशण | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | • राहत सामाग्रीहरु उपलध गराउने<br>• समन्वय गर्ने<br>• विपद व्यवस्थापन कोष स्थापना भएको । | |
| १५. | गलकोट नगरपालिका | हरि प्रसाद शर्मा | ९८५७६४८१११ | • सूचना/जानकारी सम्प्रेशण<br>• राहत सामाग्रीहरु उपलध गराउने<br>• समन्वय गर्ने<br>• विपद व्यवस्थापन कोष स्थापना भएको । | |
| १६. | ढोरपाटन नगरपालिका | डिल्लीराम भट्टराई | ९८५६०३७७३७ | • सूचना/जानकारी सम्प्रेशण<br>• राहत सामाग्रीहरु उपलध गराउने<br>• समन्वय गर्ने<br>• विपद व्यवस्थापन कोष स्थापना भएको । | |
| १७. | काँठेखोला गाउँपालिका | चुर्ण बहादुर कार्की | ९८५७६२५१०१ | • सूचना/जानकारी सम्प्रेशण<br>• राहत सामाग्रीहरु उपलध गराउने<br>• समन्वय गर्ने<br>• विपद व्यवस्थापन कोष स्थापना भएको । | |
| १८. | ताराखोला गाउँपालिका | खिम बहादुर बि.क. | ९८५७६६११११ | • सूचना/जानकारी सम्प्रेशण<br>• राहत सामाग्रीहरु उपलध गराउने<br>• समन्वय गर्ने<br>• विपद व्यवस्थापन कोष स्थापना भएको । | |
| १९. | बडिगाड गाउँपालिका | चेत नारायण भण्डारी | ९८५७६२४४२४ | • सूचना/जानकारी सम्प्रेशण<br>• राहत सामाग्रीहरु उपलध गराउने<br>• समन्वय गर्ने<br>• विपद व्यवस्थापन कोष स्थापना भएको । | |
| २०. | निसीखोला गाउँपालिका | ईश्वरलाल शाक्य | ९८५७६७६९७६ | • सूचना/जानकारी सम्प्रेशण<br>• राहत सामाग्रीहरु उपलध गराउने<br>• समन्वय गर्ने<br>• विपद व्यवस्थापन कोष स्थापना भएको । | |

| | | | | | |
|---|---|---|---|---|---|
| २१. | तमानखोला गाउँपालिका | विकास लम्साल | ९८५७६७११११ | • सूचना/जानकारी सम्प्रेशण<br>• राहत सामाग्रीहरु उपलध गराउने<br>• समन्वय गर्ने<br>• विपद् व्यवस्थापन कोष स्थापना भएको । | |
| २२. | बरेङ गाउँपालिका | जित बहादुर राना | ९८५७६३२३२८ | • सूचना/जानकारी सम्प्रेशण<br>• राहत सामाग्रीहरु उपलध गराउने<br>• समन्वय गर्ने ।<br>• विपद व्यवस्थापन कोष स्थापना भएको । | |
| २३. | यातायात व्यवस्था कार्यालय | पारसिंङ थापा | ९८५७६३२०५१ | विपदको समयमा निःशुल्क सेवा उपलब्ध गराउने | |
| २४. | बागलुङ उद्योग बाणिज्य संघ | युवराज राजभण्डारी | ९८५७६२००६२ | • तत्काल राहतको लागी दैनिक उपभोग्य समान उपलब्ध गराउने ।<br>• अन्य संघ संस्था अगाडि बढाउने । | |
| २५. | नेपाल टेलिकम | केशव शर्मा | ९८५११७०१३० | संचार सेवा चुस्त दुरुस्त राख्ने | |
| २६. | नेपाल पत्रकार महासंघ | नरेश कंडेल | ९८५७६२२५४५ | • विपद् न्युनिकरण र उद्धार व्यवस्थापनमा सचेतनात्क प्रशारण र प्रकाशनमा सहयोग गर्ने | |
| २७. | गै.स.स. महासंघ नेपाल जिल्ला शाखा, बागलुङ | मुक्तिराम सापकोटा | ९८५७६२०४९७ | सचेतनात्क कार्यक्रमहरु संचालन गर्ने | |
| २८. | ने.वि.प्रा. बागलुङ वितरण केन्द्र | दिलिप मरासिनी | ९८५७६६६४४४ | विद्युत आपुर्तिमा निरन्तरता दिने आवश्यक पर्दा बन्द गर्ने | गै.स.स. म.ने. जिल्ला शाखा बागलुङ |
| २९. | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | ऋषिराम सापकोटा | ९८५७६२३१२१ | पशुपन्छीहरुको सुरक्षा तथा उपचार, राहत | |
| ३०. | शिक्षा विकास तथा समन्वय इकाई | कुश्मराज उपाध्याय | ९८५७६२०७९३ | विद्यालय विपद् व्यवस्थापन | |
| ३१. | जिल्ला आयोजना कार्यान्वयन | सुनिता श्रेष्ठ | ९८५७६६०३०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | इकाइ (भवन तथा आवास) | | | | |
| ३२. | तथ्याङ्क कार्यालय | मुकुन्द प्रसाद शर्मा | ९८५७६२०८१० | विपद् सम्बन्धी तथ्याङ्क संकलन, विश्लेषण गरी उपलब्ध गराउने | |
| ३३. | कृषि ज्ञान केन्द्र | भानुभक्त भट्टराई | ९८५६०६५९७८ | | |
| ३४. | विपद् व्यवस्थापन गुल्म | प्र.नि. रोशन थापा | ९८५७६२५३४५ | विपद् उद्धार कार्यमा दक्ष जनशक्ति परिचालन | |

अन्तमा यस वर्षको मनसुनबाट हुन सक्ने सम्भावित प्रकोपका घटनाहरुलाई न्यून गर्न तथा घटना पछिको उद्धारकार्यमा सम्बन्धित सरकारी तथा गैरसरकारी निकाय, नागरिक समाजलाई परिचालन गरी पिडितहरुलाई राज्यको उपस्थितिको महशुस गराउनु नै यस प्रतिकार्यको प्रमुख उद्देश्य रहेको छ । यो मनसुन आपत्कालीन कार्ययोजना, २०७९ कार्यान्वयन गर्ने क्रममा नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरुलाई योजनावद्ध र व्यवस्थित गर्न नीतिगत, कानूनी, संस्थागत रुपमा गरेको देहायका व्यवस्थालाई आधारका रुपमा लिई कार्यान्वयन गरिने छ ।

१. नेपालको संविधान, २०७२

२. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४

३. विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५

४. स्थानीय सरकार संचालन ऐन, २०७४

५. विपद पूर्व तयारी तथा प्रतिकार्य कार्ययोजना, २०७८ बागलुङ

मनसुन आपत्कालीन कार्ययोजनाका लागि खोज तथा उद्धार र राहत कार्यका लागि सुरक्षा निकायहरुसँग भएका अत्यावश्यक सामाग्रीहरुको विवरण अनुसूची १ मा राखिएको छ ।

## अनुसूची १

मनसुन आपत्कालीन कार्ययोजनाका लागि खोज तथा उद्धार र राहत कार्यका लागि सुरक्षा निकायहरुसँग भएका अत्यावश्यक सामाग्रीहरुको विवरण

| सि.नं. | खोज तथा उद्धार सामाग्री | उपलब्ध संख्या | | | | आवश्यक सामाग्रीको न्यूनतम संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | जिल्ला आपत्तकालीन कार्य संचालन केन्द्र | जिल्ला प्रहरी कार्यालय | सशस्त्र प्रहरी | नेपाली सेना | | |
| १ | लाइफ ज्याकेट | नभएको | ४४ थान | १० थान | २४ | १०० थान | |
| २ | ट्युव | | ५ थान | | १३ | १२९ थान | |
| ३ | स्ट्रेचर | | ११ थान | २ थान | २ | २९ थान | |
| ४ | हेल्मेट | | १० थान | १० थान | ३३ | ८० थान | |
| ५ | साबेल | | १५ थान | १५ थान | १०५ | ५८ थान | |
| ६ | आगो निभाउने पट्टा | | ४ थान | | | ४८ थान | |
| ७ | गैची | | १० थान | | | ४८ थान | |
| ८ | बेल्चा | | १५ थान | | | ५० थान | |
| ९ | पिक | | | १० | १२१ | ४० | |
| १० | प्लाष्टिक डोरी | | | ३ रोल | १००मि. | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | गल | | | २ थान | | | |
| १२ | हसिया | | | १० थान | | | |
| १३ | वाल्टीन | | | २ थान | १२ | | |
| १४ | ठुलो आरा | | | २ थान | ३ | | |
| १५ | घन | | | १ थान | १० | ३० | |
| १६ | बन्चरो | | | ३ थान | ६ | ४० | |
| १७ | हाते आरो | | | १ थान | १० | २० | |
| १८ | फरुवा | | | १० थान | ३ | | |
| १९ | क्याराबिना | | | १ थान | ४३ | १०४ | |
| २० | गमबुट (प्लाष्टिकको) | | | १० जोर | ३ | १५ | |
| २१ | पञ्जा (प्लाष्टिकको) | | | १०८ जोर | | | |
| २२ | पञ्जा (कोटेट) | | | ८ जोर | १२ | | |
| २३ | रोप | | | ४ थान | ५ | | |
| २४ | टर्च लाइट | | | १० थान | १० | | |
| २५ | तुम्लेट (वाटर बोतल) | | | ५ थान | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २६ | Roke Hove | | | २ थान | | | |
| २७ | Axe Hove | | | १ थान | | | |
| २८ | Back Pack Pump | | | ३ थान | | | |
| २९ | Swatter | | | ७ थान | | | |
| ३० | सर्च लाईट | | | ७ थान | | | |
| ३१ | आल्मुनियम फोल्डिङ्ग भऱ्याङ्ग | | | २ थान | १ | | |
| ३२ | फायर सुट | | | १० थान | १० | | |
| ३३ | जि.आर.कटर | | | १ थान | | | |
| ३४ | फायर स्टिङ्गग्युसर | | | ३ थान | | | |
| ३५ | खुर्पा ठुलो | | | २ थान | | | |
| ३६ | मेडिकल फस्टेड बक्स | | | २ थान | | | |
| ३७ | कोदालो | | | | ८ | | |
| ३८ | मेघा फोन | | | | ६ | | |
| ३९ | सेफ्टी भेस्ट | | | | ११ | | |
| ४० | फायर एष्ट्रिङग गुईसर | | | | १ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४१ | पुल्लि | | | | ३ | | |
| ४२ | हेम्बर | | | | ५ | २०८ | |
| ४३ | प्रर्सनल रोप | | | | ६६ | | |
| ४४ | प्रोसिभ कर्ड | | | | ११ | | |
| ४५ | हेडलाईट | | | | ३३ | | |
| ४६ | फिगर ८ | | | | २ | | |
| ४७ | झुमर | | | | ४ | १०४ | |
| ४८ | वायर कटर | | | | २ | | |
| ४९ | रेस्क्यू भेस्ट | | | | ८ | | |
| ५० | ब्लाङकेट | | | | ८ | | |
| ५१ | फस्टएड किट | | | | २ | | |
| ५२ | रवर म्याटेस | | | | ४६ | | |
| ५३ | एमरजेन्सी | | | | ३ | | |
| ५४ | फर्म केयर | | | | २ | | |
| ५५ | माक्स | | | | १ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५६ | स्टेज लेन्च बेल्ड | | | | ३ | | |
| | | भण्डारण केन्द्र नभएकोले राहत तथा उद्धार सामग्री नभएको | | | | | |

## विपद् व्यवस्थापन गुल्म बागलुङसँग भएका खोज तथा उद्धार सामाग्रीहरु

| सि.नं. | सामानको विवरण | संख्या | कै. |
|---|---|---|---|
| १. | ट्युब | ४ थान | |
| २. | डायनामिक डोरी | ४८० मि | |
| ३. | स्टाटिक डोरी | ६०० मि | |
| ४. | स्ट्रेचर | ७ थान | |
| ५. | बेल्चा | २१ थान | |
| ६. | सेफ्टि बेल्ट | ३ थान | |
| ७. | बन्चरो | ३ थान | |
| ८. | घन | ५ थान | |
| ९. | गल | ७ थान | |
| १०. | रिङ लाईफ वाँय | १ थान | |
| ११. | क्याराबिनर | ४१ थान | |
| १२. | थ्रो ब्याग | ३ थान | |
| १३. | कम्मर हार्नेस | ९ थान | |
| १४. | बिग पुल्ली | ५ थान | |
| १५. | नदी चक्कु | ३ थान | |
| १६. | टेप सिलिङ टुब्लर | १० थान | |

| | | | |
|---|---|---|---|
| १७. | गैती | २२ थान | |
| १८. | किट बक्स | ३ थान | |
| १९. | लाईफ ज्याकेट | ५७ थान | |
| २०. | चेन स | ४ थान | |
| २१. | जामर | ८ थान | |
| २२. | ए.टि.सी. गाईड | ५ थान | |
| २३. | क्रोबार | ७ थान | |
| २४. | बोल्ट कटर | १० थान | |
| २५. | छिनो | ३ थान | |
| २६. | रबर बुट | ५० जोर | |
| २७. | कंक्रिट ड्रिल मेसिन | ४ थान | |
| २८. | आल्मोनियम भऱ्याङ | ४ थान | |
| २९. | ल्याडर टेलिस्कोप | ३ थान | |
| ३०. | मिटन ग्लोप्स | ६ जोर | |
| ३१. | ब्याक बोर्ड स्ट्रेचर | ३ थान | |
| ३२. | रोटरी रेस्क्यु स | २ थान | |

# Heavy Equipment को विवरण

| सि.नं. | व्यक्ति वा संस्थाको नाम | रहेको स्थान | सम्पर्क नं. | डोजर | स्काभेटर | कै. |
|---|---|---|---|---|---|---|
| १ | कालिका प्यासेफिक जे.भी. | निसीखोला गा.पा.-५ र ६ | ९८६७७७३४१७ | | १ | |
| २ | प्रेम घर्ती मगर | निसीखोला-५ | ९८५७६२८३११ | | १ | |
| ३ | सुर्यमान बुढा मगर | निसीखोला-६ | ९८६०७५९६१४ | | १ | |
| ४ | कालिका प्यासेफिक जे.भि. | तमानखोला गा.पा.१,२, ढो.न.पा.-४ | ९८६७७७३४१७ | | २ | |
| ५ | धमानी देउराली कन्ट्रकसन प्रा.लि | तमाखोला-१ | ९८५१२१७१६६ | | १ | |
| ६ | मौसम कन्ट्रकसन प्रा.लि. | तमाखोला-३ हिले | ९८५७६२१८३७ | | २ | |
| ७ | दिवा स्मृति निर्माण सेवा | तमाखोला-१ | ९८५१२३९१४१ | | १ | |
| ८ | दिवा कन्ट्रकसन प्रा.लि. | बडिगाड गा.पा. १ र ७ | ९८४५८०१९०७ | २ | २ | |
| ९ | शंकरमाली कन्ट्रकसन प्रा.लि | निसीखोला गा.पा.-२ | ९८४३८१०४४८ | | ३ | |
| १० | जुन बिक्रम शाही (निजी) | निसीखोला गा.पा.-३ | ९८४१६१२६२९ | | १ | |
| ११ | दिपक अदै (निजी) | ढो.न.पा. १ | ९८५१०४५३७८ | | २ | |
| १२ | बिनोद कुवर र बेग ब. सिर्पाली | ढो.न.पा. १ | ९८०६१७१५२१ | | २ | |
| १३ | जिवन पुन र खिम पुन | ढो.न.पा. १ | ९८६७६८१११११ | | २ | |
| १४ | अरुण घर्ती | ढो.न.पा. ९ सुप्राङ | ९८४१३९४३५० | | १ | |
| १५ | ट्याक्स कन्ट्रकसन प्रा.लि | ढो.न.पा. ८ सेरावाङ | ९८४१२९९७२७ | १ | ४ | |
| १६ | बडिगाड गा.पा. | कार्यालय | ९८५७६६६०९९ | | १ | |
| १७ | बडिगाड कन्ट्रकसन प्रा.लि | बडिगाड गा.पा. ४ | ९८५११९७३२९ | | १ | |
| १८ | आर.एम.सी.प्रा.लि. | बडिगाड-५ | ९८५७०३७२९१ | | १ | |

| सि.नं. | व्यक्ति वा संस्थाको नाम | रहेको स्थान | सम्पर्क नं. | डोजर | स्काभेटर | कै. |
|---|---|---|---|---|---|---|
| १९ | ढोरपाटन न.पा. | कार्यालय | ९८५६०२६३३० | १ | | |
| २० | गुन्ज बहादुर भण्डारी | ढो.न.पा. १ | | १ | | |
| २१ | केरावाङ निर्माण सेवा प्रा.लि. | ढो.ना.पा.-६ गादीखोला | ९८६६०४९००५ | १ | ४ | |
| २२ | भिम गौतम | ढो.न.पा. १ | ९८४७७३५९५५ | | १ | |
| २३ | सन्दिप खड्का | बागलुङ नपा २ बजार | ९८५७६२००२७ | ३ | | |
| २४ | विवेक हमाल | बानपा ४ कुडुले | ९८५७६२१६९१ | १ | | |
| २५ | कुमार खड्का | बानपा ३ | ९८५७६२००९ | १ | | |
| २६ | डम्मर बहादुर सापकोटा | बागलुङ नपा ४ | ९८५७६४०१९१ | ३ | | |
| २७ | शालिकराम सापकोटा | बागलुङ नपा ४ | ९८५७६५५३९६ | १ | १ | |
| २८ | प्रकाश घर्ती मगर | ताराखोला गापा (हाल बागलुङ नपा उपल्लाचौर) | ९८५७६८८९४६ | | १ | |
| २९ | सन्तोष कार्की | बागलुङ नपा २ बजार | ९८५७६४१०११ | २ | | |
| ३० | डोलेन्द्र के.सी. | बागलुङ नपा ३ | | | १ | |
| ३१ | सातविसे कन्ट्रक्शन (मनोज खड्का) | बागलुङ नपा ३ | ९८५७६६६११० | ३ | | |
| ३२ | नारायण पौडेल | बागलुङ नपा १३ | ९८५७६२२४७७ | | १ | |
| ३३ | भिम बहादुर पुन | बरेङ गापा २ | ९८६७७६४८४४ | | १ | |
| ३४ | योगेश भण्डारी | ग.न.पा.६ ठुलाथर | ९८५७६३१५५१ | १ | | |
| ३५ | केहरसिंह खत्री | ग.न.पा.१ दुदिल्लाभाटी | ९८५७६२२६३३ | १ | | |
| ३६ | धन बहादुर बि.क. | तारा गा.पा.५ करिमेला | ९८५७६२३५०१ | | १ | |
| ३७ | गोविन्द घर्ती | तारा गा.पा.२ अर्गल | ९८५७६८७००० | १ | | |

| सि.नं. | व्यक्ति वा संस्थाको नाम | रहेको स्थान | सम्पर्क नं. | डोजर | स्काभेटर | कै. |
|---|---|---|---|---|---|---|
| ३८ | होम सिङजाली | वडिगार्ड गा.पा.२ खर्वाङ | ९८५७६३२७०० | १ | | |
| ३९ | विष्णु अर्याल | वडिगार्ड गा.पा.२ खर्वाङ | ९८६७६१०६२४ | १ | | |
| ४० | जिवन मगर | वडिगार्ड गा.पा.२ खर्वाङ | ९८५११४५८२७ | | १ | |
| ४१ | जैमिनी नगरपालिका कार्यालय | जैमिनी नपा १ | ९८५७६२२२४३ | | १ | |
| ४२ | सिद्धी साही प्रकाश कन्ट्रशन (मध्य पहाडी लोक मार्ग) | काठेखोला गापा १ र २ | ९८४८२५२२०७ | १ | ४ | |
| ४३ | दिल बहादुर कार्की | काठेखोला गापा ७ | ९८५७६३४४६६ | | १ | |
| ४४ | काठेखोला गाँउपालिका कार्यालय | काठेखोला गापा २ | ९८५७६७७०१६ | | १ | |
| ४५ | खुम भण्डारी | काठेखोला गापा ३ | ९८५७६२०३६२ | | १ | |
| ४६ | सुर्य भण्डारी | काठेखोला गापा ३ | ९८४३६३१४४६ | १ | | |
| ४७ | सुर्य कन्ट्रक्शन (मध्य पहाडी लोक मार्ग) | काठेखोला गापा ५ | ९८६३१५५५५२ | २ | | |
| | जम्मा | | | २९ | ४९ | |

अनुसूची २

## स्थानीय विपद् व्यवस्थापन समिति

| सि.नं. | स्थानीय तह | नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | बागलुङ नगरपालिका | श्री बसन्त कुमार श्रेष्ठ | नगर प्रमुख/संयोजक | ९८५७६२००६६ |
| २ | गलकोट नगरपालिका | श्री भरत शर्मा | नगर प्रमुख/संयोजक | ९८५७६४०७५१ |
| ३ | जैमिनी नगरपालिका | श्री नर बहादुर थापा | नगर प्रमुख/संयोजक | ९८६३०४१३५५ |
| ४ | ढोरपाटन नगरपालिका | श्री देब कुमार नेपाली | नगर प्रमुख/संयोजक | ९८५६०२६३३० |
| ५ | काठेखोला गाउँपालिका | श्री राजु थापा | गा.पा.अध्यक्ष/संयोजक | ९८५७६७१००१ |
| ६ | ताराखोला गाउँपालिका | श्री धन बहादुर वि.क. | गा.पा.अध्यक्ष/संयोजक | ९८५७६६११२६ |
| ७ | बडिगाड गाउँपालिका | श्री गण्डकी थापा अधिकारी | गा.पा.अध्यक्ष/संयोजक | ९८५७६६६०९९ |
| ८ | निसीखोला गाउँपालिका | श्री सूर्य बहादुर घर्ती मगर | गा.पा.अध्यक्ष/संयोजक | ९८४६८३११११ |
| ९ | तमानखोला गाउँपालिका | श्री जोकलाल बुढा | गा.पा.अध्यक्ष/संयोजक | ९८५७६७१११९ |
| १० | बरेङ गाउँपालिका | श्री कृष्ण प्रसाद शर्मा | गा.पा.अध्यक्ष/संयोजक | ९८५७६२२५५१ |

## बागलुङ जिल्लामा सञ्चालित एम्बुलेन्सहरुको विवरण

| सि.नं. | जिल्ला | स्थानीय तह | एम्बुलेन्स नं. | चालकको | | एम्बुलेन्सको धनी (निकाय) |
|---|---|---|---|---|---|---|
| | | | | नाम थर | फोन नं. | |
| १ | बागलुङ | बागलुङ न.पा. | ध-१-झ-१० | प्रेम श्रेष्ठ | ९८४७६३४५८६ | धौलागिरी अञ्चल अस्पताल |
| २ | बागलुङ | बागलुङ न.पा. | ग-२-च-६९०८ | चन्द्र बहादुर थापा | ९८६३३४७३०६ | नेपाल रेडक्रस सोसाइटी अमलाचौर उप-शाखा |
| ३ | बागलुङ | बागलुङ न.पा. | बा-१-च-९९८ | हरी पौडेल | ९८४७६२८८९६ | नेपाल रेडक्रस सोसाइटी शाखा |
| ४ | बागलुङ | बागलुङ न.पा. | बा-२-च-३०९७ | किशोर पाठक | ९८६६४२३५०० | पैयुँपाटा स्वा.चौकी |
| ५ | बागलुङ | काठेखोला गा.पा. | ग-२-च-७४५९ | कृष्ण बहादुर पुन | ९८५७६२६२११ | नेपाल रेडक्रस सोसाइटी बिहुँ उप-शाखा |
| ६ | बागलुङ | बडिगाड गा.पा. | ग-२-च-६७४९ | शेर बहादुर घर्ती | ९८६१३६४६३१ | ग्वालीचौर समाज बडिगाड |
| ७ | बागलुङ | बडिगाड गा.पा. | ध-१-च-१००१ | अनोज के.सी. | ९८६१३६४६३१ | भिमगिठे स्वा.चौकी बडिगाड |
| ८ | बागलुङ | गल्कोट न.पा. | ध-१-च-२०६ | सोम बहादुर | ९८४५६२९७६५ | आरोग्य अस्पताल |
| ९ | बागलुङ | गल्कोट न.पा. | ध-१-झ-८ | पुर्ण बहादुर बि.क. | ९८४२७६४०९४ | गल्कोट स्वास्थ्य केन्द्र |
| १० | बागलुङ | बरेङ गा.पा. | ध-१-च-२८१ | - | - | विहानी सहकारी संस्था |
| ११ | बागलुङ | जैमिनी न.पा. | ध-१-झ-१२ | जगत बहादुर थापा | ९८४७७१०२४० | कुश्मिसेरा प्रा.स्वा.केन्द्र |
| १२ | बागलुङ | ताराखोला गा.पा. | ध-१-च-५२० | रमेश के.सी. | ९८६०५२५५३० | ताराखोला गा.पा. |
| १३ | बागलुङ | बडिगाड गा.पा. | ना-अ-प-अ-४६५ | हिरा काउचा | ९८६६४९८९२९ | बडिगाड गा.पा. |
| १४ | बागलुङ | ढोरपाटन न.पा. | ध-१-झ-२० | चित्र बुढा मगर | ९८६०७७०३०८ | बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्र |

**बागलुङ जिल्लामा रहेका दमकलको विवरणः**

| क्र. सं. | प्रदेश | गा.पा./न.पा. | स्वामित्व | गाडी नम्बर | संख्या | | | चालकको नाम | चालकको नम्बर | वैकल्पिक सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | चालु अवस्थामा रहेका | चालु अवस्थामा नरहेका | जम्मा | | | | |
| १ | गण्डकी | बागलुङ न.पा. | बागलुङ न.पा. | ध-१-ग-१ | १ | ० | १ | तेजे सार्की | ९८५७६२०५१७ | ९८४७६६७५१४ | ३००० लि. |

# स्थानीय तहमा पहिचान भएका खुला क्षेत्र र आपतकालीन आश्रय स्थलहरु र अन्तिम दाह संस्कार स्थलहरुको विवरण

| सि.न. | स्थानीय तह | आश्रय स्थलहरु | अन्तिम दाह संस्कार स्थलहरु |
|---|---|---|---|
| १ | बागलुङ नगरपालिका | विद्यालय, क्याम्पस, ऐश्वर्य पार्क, अस्पताल | ढोडेनीघाट, निरयघाट, मालढुङ्गाघाट, देवलबगर घाट |
| २ | गलकोट नगरपालिका | विद्यालय, वडा कार्यालय, स्वास्थ्य चौकीहरु | खर्वाङ, हटिया, नरेठाँटी, काँडेबास, पाण्डवखानी र रमुवा |
| ३ | जैमिनी नगरपालिका | विद्यालयहरु | जैमिनीघाट, बेलबगर घाट, सुम्सा घाट |
| ४ | ढोरपाटन नगरपालिका | आवश्यकता अनुसार विद्यालय प्राङ्गण लगायत उपलब्ध भएका खुल्ला जग्गाहरु उपयोग गर्न सकिने | तमानखोला, भुजिखोला, निसीखोला, बडिगाड खोलाका किनारहरु |
| ५ | काठेखोला गाउँपालिका | विद्यालय, वडा कार्यालय, स्वास्थ्य चौकीहरु | निरहेघाट कालीगण्डकी, डुडीयाघाट तंग्राम |
| ६ | निसीखोला गाउँपालिका | वडा कार्यालय, विद्यालय, स्वास्थ्य चौकीहरु | वडा नं. ४ नौमुरेघाट, बेलौतेघाट, वडा नं. २ धौलेघाट, वडा नं. १ देविस्थान घाट, वडा नं. ५ चिहानघाट |
| ७ | तमानखोला गाउँपालिका | तमानखोला गाउँपालिका, विद्यालय, स्वास्थ्य चौकीहरु | वडा नं. १ धुमैघाट, वडा नं. २ गानटाङ, वडा नं. ३ दहघाट, सेरमाघाट |
| ८ | बडिगाड गाउँपालिका | विद्यालय, वडा कार्यालय, स्वास्थ्य चौकीहरु | वडा नं. ५ ग्वालीचौर बालुवाघाट, न्वारा, वडा नं. १ खर्वाङ, दोभानघाट |
| ९ | ताराखोला गाउँपालिका | विद्यालय, वडा कार्यालय, स्वास्थ्य चौकीहरु | मर्याङ्डी खोला अमरभूमी, च्यानडाँडा अर्गल, झाक्रीपानी अर्गल, ददिसे अर्गल, पुवाधुनेखोला अर्गल, घुस्मेली खोला हिल, पधेरा खोला हिल, दलानचौर शवदाह, तरिम हिल, लावाङ तारा |
| १० | बरेङ गाउँपालिका | घुमाउने डाँडा १ नं. वडा, चौपारीडाँडा २ नं. वडा, किसिमकोट ३ नं. वडा, धाराको डाँडा ४ नं. वडा, सुखौरा नुनथला, ५ नं. वडा, ठुलडाँडा १ नं. वडा | तिप्लिङघाट १ नं. वडा, दोबिल्लाघाट २ नं. वडा, दाउन्ने घाट ३ नं. वडा, तमखोला ४ नं. वडा, ठुलो ओडार ५ नं. वडा |